महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः

मितिः २०७५।१२।१०

श्री प्रमुखज्यू,
मण्डन देउपुर नगरपालिका,
काभ्रेपलाञ्चोक ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट मण्डन देउपुर नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी -** आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी -** प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार -** कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.९७लाख ६७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१५ लाख ८९ हजार, नियमित गर्नुपर्ने रु.२५ लाख ९८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.४२ लाख २१ हजार र पेश्की रु.१३ लाख ६० हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।१०।२५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना ११ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय -** कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

**मण्डन देउपुर नगरपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७४।७५**

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न **मण्डनदेउपुर नगरपालीका**को स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो नगरपालिका अर्न्तगत १२वडा रहेको ६५ नगरसभा सदस्य,८९व.की.मी.क्षेत्रफल, ३२६५९जनसंख्या र ३ नं. प्रदेशमा अवस्थित छ ।

**स्थानीय संचित कोष-** आर्थिक वर्ष २०७४।७५ को स्थानीय संचित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| आयतर्फ | | | | व्ययतर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| **सि.नं.** | **विवरण** | **रकम** | **रकम** | **सि.नं.** | **विवरण** | **रकम** | **रकम** |
| **१** | **गत वर्षको जिम्मेवारी** | | ११५४७३०० | **१** | **चालु खर्च** | | २२८००९२१९ |
| | क) नगद | ० | | **२** | **पूँजीगत खर्च** | | १२५३९७४६९ |
| | ख) बैंक | ११५४७३०० | | **३** | **वित्तीय व्यवस्था भुक्तानी** | | ० |
| **२** | **राजस्व (आन्तरिक आय)** | | ५२६७४१४१ | | क) ऋण भुक्तानी | ० | |
| | क) आन्तरिक राजस्व | ४५८८७२२७ | | | ख) ब्याज भुक्तानी | ० | |
| | ख) राजस्व बाँडफाँड | ० | | | ग) अन्य भुक्तानी | ० | |
| | ग) साविक गा.वि.स.को मौज्दात | ६७८६९१४ | | **४** | **धरौटी फिर्ता** | | |
| **३** | **वित्तीय हस्तान्तरण** | | ३८७९७८००० | **५** | **कोष खर्च** | | ९७३५४७८ |
| | क)वित्तीय समानीकरण अनुदान | १८४५५७००० | | **६** | **मौज्दात** | | ९०९८८७२९ |
| | ख) सशर्त अनुदान | १४५३५८००० | | | क) नगद मौज्दात | ० | |
| | ग) सामाजिक सुरक्षा | ५७००३००० | | | ख) बैङ्क मौज्दात | **९०९८८७२९** | |
| | घ) स्था.शासन तथा सा.वि.का. | १०६०००० | | | १) संचित कोष खाता- | ४३१८३७९ | |
| **४** | **विभिन्न कोषतर्फको आय** | | | | २) सञ्चालन खर्च खाता- | ८५९४९२ | |
| **५** | **जनसहभागिता (नगद)** | | | | ३) पुँजिगत खर्च खाता- | २८६०७७१ | |
| **६** | **विषयगत निकायबाट प्राप्त रकम** | | ८८८१५० | | ४) धरौटी- | ८९३३० | |
| | क) नगर परीक्षा | 138400 | | | ५) मरमत संभार कोष- | ५०५००० | |
| | ख) सडक बोर्ड | 749750 | | | ६) विपद व्यवस्थापन कोष- | १९१५०० | |
| **७** | **धरौटी आय** | | ८९३३०४ | | ७) छात्रबृत्ति अक्षय कोष- | ५०००० | |
| **८** | **अन्य विविध आय** | | १५०००० | | ८) राजश्व खाता जनता बैङ्क- | २२४३९८ | |
| | खुल्ला दिशामुक्त कार्यक्रम | 150000 | | | | | |
| | **जम्मा** | | **४५४१३०८९५** | | **जम्मा** | | **४५४१३०८९५** |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| १. | **सञ्चित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ६९(२)मा नेपाल सरकारबाट प्राप्त अनुदान रकम स्थानीय सञ्चित कोषमा रहने उल्लेख छ । कार्यालयले कर्मचारी निवृत्त सुविधा स्वरुप कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा भएको औषधि उपचारको रु.५,९२,१६४।- र संचित विदाको रु.४,७१,५३८।- समेत रु.१०,६३,७०२।- को स्रेस्ता कागजात पेश गरी लेखापरीषणको लागि पेश गरेको भए तापनि एकिकृत आय-व्ययको विवरण उक्त रकम समावेश गरेको देखिएन ।<br>ऐनको दफा ७५मा एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा नगरपालिकाको सञ्चित कोषमा स्वतः जम्मा(ट्रान्सफर) हुने व्यवस्था छ । नगरपालिकाले वर्षको अन्त्यमा सञ्चालन तथा पूँजिगत खातामा मौज्दात रहेको रकम सञ्चित कोष खातामा जम्मा गरेको देखिएन । ऐनको व्यवस्थालाई पालना गर्नु पर्दछ । | |
| | **आन्तरिक आयतर्फः** | |
| २. | **रसीद नियन्त्रण खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहले आन्तरिक आम्दानी संकलनको लागि प्रयोग गर्ने नगदी रसिद नियन्त्रणको लागि रसिद नियन्त्रण खाता राख्नु पर्दछ । कार्यालयले रसिद नियन्त्रण खाता प्रयोग गरेको भए तापनि अध्यावधिक र व्यवस्थित देखिएन । वडा कार्यालयहरु १, २, ५, ६, ७, ८, ९, १०, ११ र १२ ले कार्यालयको अभिलेखमा नरहेको पुराना २५ प्याड नगदी रसिद प्रयोग गरी कार्यालयमा रकम दाखिला गरेको छ भने वडा नं. १, २, ८, ९, ११ र १२ ले कार्यालयबाट बुझेको २४ प्याड नगदी रसिदहरु फिर्ता गरेको देखिएन । यसले गर्दा नगरपालिकाको सवै आम्दानी संचित कोषमा दाखिला भएकोमा आश्वस्त हुने आधार भएन । यस सम्वन्धमा नगगपालिकाले छानविन गरी सवै आन्तरिक आय दाखिला भए नभएको सुनिश्चित गर्नु पर्दछ र आगामी दिनमा यस्तो हुन नदिन नियमित रुपमा प्रतिवेदन बुझाउने व्यवस्था गर्नु पर्दछ । | |
| ३. | **राजश्व कारोबारको लेखाः** आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम नियम ९२(१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको भौंचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम लामो समयसम्म नगदै राख्दा आइपर्नसक्ने जोखिम, भौगोलिक विकटता र बैङ्कसम्मको दूरी समेतलाई विचार गरी समयमै बैङ्कमा दाखिला गर्ने गराउने तर्फ समेत ध्यान जानुपर्ने देखिन्छ । | |
| ४. | **प्राकृतिक तथा व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत राखेको तथा सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । | |
| ५. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाँउपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग अबिलम्ब समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ६. | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर | |

<table>
<tr><th>बेरुजु दफा</th><th>लेखापरीक्षणवाट देखिएको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा पालिकाले कूनैपनि कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७.</td><td>मुल्य अभिबृद्धि कर: मूल्य अभिबृद्धि कर ऐन, २०५२ मा करदाताले प्रत्येक महिना आफूले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष विवरण पेश गर्नुपर्ने, प्रत्येक कर अवधिको कर सो अवधि समाप्त भएको मितिले पच्चीस दिनभित्र बुझाउनु पर्ने र म्यादभित्र बुझाउनु पर्ने कर नबुझाएमा वांकी रहेको कर रकममा वार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्ने उल्लेख छ । नगरपालिकाले बैकल्पिक सडक निर्माण गर्ने प्रयोजनको लागि ढुङ्गा गिट्टी बालुवा लगायतका निर्माण सामग्री नगरपालिकाको सडक प्रयोग गरी ढुवानी गर्ने सवारी साधनबाट मुल्य अभिबृद्धि कर सहित रु.६९,६५,७४८।- शुल्क अमानतबाट असुल गरेकोमा सोमा समावेश मुल्य अभिबृद्धि कर रु.८,०१,३६९।२४ संघीय संचित कोषमा दाखिला नगरी बाँकी राखेकोले उक्त रकम सम्वन्धित राजस्व खातामा दाखिला गर्नु पर्ने रु.</td><td>८,०१,३६९.२४</td></tr>
<tr><td>८.</td><td>आय ठेक्का: सडक मर्मत तथाबैकल्पिक सडक निर्माण सेवा शुल्कको नामबाट आयठेक्का लगाई नगरपालिका क्षेत्रमा पर्ने सिपाघाट जिरो किलो सडक प्रयोग गरी ढुङ्गा गिट्टी बालुवा लगायतका प्राकृतिक स्रोत ढुवानी गर्ने साधनहरुबाट प्रति ट्रिपको हिसावले रु.२,९१,०८,९८४।८४(मु.अ.कर बाहेक) आय प्राप्त गरेको छ । यससम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:<br>१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ५४मा कानून बमोजिम बाहेक कर लगाउन वा उठाउन नपाइने उल्लेख छ । नगरपालिकाले स्थानीय आर्थिक ऐन बमोजिम आय ठेक्का लगाएको उल्लेख गरेको भए तापनि उक्त आय संकलन गर्न पाउने कानूनी आधार स्पष्ट नगरेकोले सो आयको वैधानिकता सम्वन्धमा स्पष्ट हुन आवश्यक देखिन्छ ।<br>२) सार्वजनिक खरिद नियमावली, २०६४मा बोलपत्र पार्ने उद्द्श्यले व्यवसायीले आपसमा मिलेमतो गरेमा त्यस्तो बोलपत्र रद्द गर्नु पर्ने व्यवस्था छ । आय ठेक्का प्रयोजनको लागि रु.४ करोड लागत अनुमान तयार गरी २०७४।४।३० मा ३० दिनको म्याद दिईसूचना प्रकाशन गरेकोमा ३ बोलपत्र विक्री भएको देखिन्छ । विक्री भएको बोलपत्रमध्ये १मात्र बोलपत्र दाखिला भै व्यवसायी राजेन्द्र जोशी सप्लायर्सको कवुल अंक रु.४,००,२०,००१।- स्वीकृत गरी २०७४।६।२ देखि २०७५ आषाढ मसान्तसम्मको लागि ठेक्का संझौता भएको देखिन्छ । न्यून संख्यामा बोलपत्र बिक्री भएको, विक्रीमध्ये १ मात्र दर्ता भएको र कवुल अङ्क पनि लागत अनुमानकै हाराहारीमा रहेको विषयलाई बोलपत्र मुल्याङ्कनको क्रममा विश्लेषण गरेको पाइएन ।<br>३) ठेक्काबाट संकलित आयमा लाग्ने मुल्य अभिबृद्धि कर र आयकर व्यवसायी आफैले बुझाउने गरी ठेक्का संझौता गरेको छ । नगरपालिकाले कर बुझाउने दायित्व व्यवसायीमा सार्न मिल्ने नभएकोले व्यवसायीले ठेक्का संझौता बमोजिम असुल गरेको मुल्य अभिबृद्धि कर रु.३७,८४,१६८।- र अग्रिम आयकर रु.४,३६,६३५।- दाखिला गरेको प्रमाण पेश हुनु पर्ने रु.<br>४) रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२०मा सरकारी ठेक्कामा किस्ता ढिलाइ हुने भएमा म्याद थप स्वीकृत हुनुपर्ने, सो अवधिको जमानत राख्नुपर्ने र वार्षिक सयकडा दसका दरले सुदसमेत लिनुपर्ने लगायतका व्यवस्था रहको छ । मिति २०७४।६।२ मा नगरपालिकाले गरेको आय ठेक्का संझौतामा समयमा किस्ता नबुझाएमा वा ढिला गरी बुझाएमा गरिने उपचार सम्वन्धी प्रावधान राखेको पाइएन । यसले गर्दा संझौतानुसार तोकिएको म्यादमा रकम दाखिला नगरेको अवस्थामा पनि सुद वा हर्जाना आकर्षित हुन सकेको देखिएन । सरकारी आयलाई सुनिश्चित गर्न र संभावित जोखिमलाई न्यूनिकरण गर्न संझौताका सर्तहरु अझै स्पष्ट र व्यवहारिक बनाउन आवश्यक देखिन्छ ।
<table>
<tr><th rowspan="2">विवरण</th><th colspan="2">बुझाउनु पर्ने</th><th colspan="2">दाखिला गरेको</th></tr>
<tr><th>मिति</th><th>रकम</th><th>मिति</th><th>रकम</th></tr>
</table></td><td>४२,२०,८०३/-</td></tr>
</table>

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | <table><tr><td>शुरु किस्ता</td><td>2074.6.2</td><td>8732696.00</td><td>2074.6.2</td><td>8732696.00</td></tr><tr><td>पहिलो कस्तिा</td><td>2075.9.15</td><td>6792096.28</td><td>2074.9.9</td><td>6792096.28</td></tr><tr><td>दोस्रो किस्ता</td><td>2075.12.15</td><td>6792096.28</td><td>2075.1.23</td><td>6792096.28</td></tr><tr><td>अन्तिम किस्ता</td><td>2075.2.15</td><td>6792096.28</td><td>2075.3.7</td><td>6792096.28</td></tr><tr><td>**जम्मा**</td><td></td><td>**29108984.84**</td><td></td><td>**29108984.84**</td></tr></table> | |
| ९. | **बैङ्क हिसाव मिलान:** कार्यालयले प्रत्येक महिना बैङ्क स्टेटमेण्ट र कार्यालयको स्रेस्ता आपसमा भिडान गरी बैङ्क हिसव विवरण(म.ले.प.फा.नं.१५) बनाउनुपर्नेमा त्यस्तो गर्ने नगरेकोले वर्षको अन्त्यमा स्रेस्ताले देखाएको मौज्दात रु.९,०९,८८,७२९।- बैङ्क विवरणसंग भिडे नभिडेको यकिन गर्न सकिएन । | |
| १०.<br><br><br><br><br>११. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलब्ध गराई नगरपालिकाहरुले Sub National Tresury Regulatory Application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले SUTRA प्रयोगमा ल्याई आर्थिक कारोवार लेखाङ्कन गरेको छैन । सफ्टवेयर प्रयोग गरी आर्थिक कारोवार संचालनमा ल्याउनु पर्दछ ।<br>**आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :<br><br>● संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५को आर्थिक कारोवार तथा खाता सञ्चालन सम्वन्धी परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविक नगर विकास समितिहरुको पेश्की तथा बेरुजू अभिलेख नगरपालिकामा कायम गरी फछ्र्यौट गर्नु गराउनु पर्नेमा गराएको छैन ।<br>● नगरपालिकाले बर्षभरिमा सम्पादन गर्ने गरी कार्यक्रममा रहेका र आइपर्ने सम्भाबित जोखिमहरु पहिचान गरी जोखिमहरुको रजिष्टर खडा गरी राख्नुपर्नेमा जोखिम पहिचान गरी समाधानको कार्य योजना तयार गरेको देखिएन ।<br>● आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक जिन्सी निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रूपमा लिई राख्ने र कैफियत देखिएका विषयको कार्यान्वयन गर्ने व्यवस्था बमोजिम जिन्सी निरीक्षण फाराम प्रमाणित गरी राखेको भए तापनि निरीक्षण कर्ताले नियममा तोकेको व्यहोरा खुलाई लिखित प्रतिवेदन दिएको पाइएन । नियम बमोजिम जिन्सी निरीक्षणको लिखित प्रतिवेदन लिई सरकारी संपत्तीको संरक्षण र उपयोगलाई थप व्यवस्थित गर्नु पर्दछ ।<br>● सार्वजनिक खरिद ऐन, २०६३ को दफा (५), (६) एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३), (८) बमोजिम खरिद कारवाहीको तयारी, खरिद कार्य योजना, खरिदको प्रकार, बिधि, समय | |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| | तालिका, खरिदको आर्थिक श्रोत, लागत अनुमान र खरिद आवश्यकताको पहिचान गरी खरिदको कुल बिबरण, परिमाण र क्षेत्रको यकिन गरी बार्षिक खरिद योजना र लागत अनुमान तयार गर्नुपर्नेमा कानूनी व्यवस्था बमोजिम खरिद योजना तयार गरेको देखिएन । नियमको पालना हुनु पर्दछ ।<br>● अधिकांश सडक तथा कुलो/नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं.उल्लेख गर्ने नगरेबाट निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरुलाई अनिवार्य गर्नुपर्दछ ।<br>● जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद कार्य गरेको देखिन्छ । | |
| १२. | **लक्ष्य र प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा अनुसूची-२ बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण पेश गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सञ्चालन गरेका सशर्त, नीःशर्त तथा आन्तरिक श्रोतबाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरी समीक्षा गरेको पाइएन । प्रगति प्रतिवेदन तयार गरी समीक्षा गर्दा योजना तथा कार्यक्रम कार्यान्वियनमा थप प्रभावकारिता आउने भएकोले नगरपालिकाले यसतर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ । | |
| १३.<br><br><br><br><br><br>१४.<br><br><br><br><br><br><br><br>१५. | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । वडा कार्यालयहरुमा जनशक्ति तथा भौतिक पूर्वाधारहरुको व्यवस्था भै नसकेको कारण वडा सचिवहरुलाई अख्तियारी प्रदान गर्न सकेको देखिएन । अन्तरनिकाय समन्वय गरी कानूनी व्यवस्थाको कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।<br><br>**स्थनीय तथ्यांक र अभिलेख**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती, कानून र सोको मापदण्ड बनाएको पाइएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।<br><br>**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिका वा गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| १६. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका नगर विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १७. | **भारी उपकरण:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिहरुले माटो खन्ने पुर्ने कार्यसंग सम्वन्धित खेलमैदान निर्माण, सडकको ट्र्याक खोल्ने एवं मर्मत संभार गर्ने लगायतका योजनाहरुमा डोजर, एक्साभेटर जस्ता भारी उपकरणहरुको प्रयोग भएको पाइएको छ । उपभोक्ता समितिले निर्माण व्यवसायीहरुसंग सोझै भाडा संझौता गरी डोजर/एक्साभेटर प्रयोग गरेबाट स्थानीय साधन/श्रमको उपयोग हुन नसकेको, वातावरणमा प्रतिकुल असर परेको र अप्रत्यक्ष रुपमा निर्माण व्यवसायीलाई ठेक्का हस्तान्तरण हुन गएको देखिन्छ । यसमा सुधार हुनु पर्दछ । | |
| १८. | **बैठक भत्ता:** प्रदेश नं. ३ सरकारले मिति २०७५।१।२० मा राजपत्रमा प्रकाशन गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७४ मा नगरपालिकाका पदाधिकारीहरुले पदमा वहाली देखि नै पाउने गरी मासिक सुविधाको सीमा तोकेको छ, । ऐनको दफा ४ संग सम्वन्धित अनुसूची- १ अनुसार न्यायीक समिति र ३ विशेष समितिको लागि रु.५०० दरले बैठक भत्ता दिनसक्ने व्यवस्था रहेकोमा वडा समिति तथा नगर कार्यपालिका बैठक र नगरसभाका पदाधिकारी तथा सदस्यहरुलाई कार्यपालिकाको निर्णय बमोजिम रु.१५०० का दरले रु.२५,९७,५००।- बैठक भत्ता भुक्तानी गरेको छ । कानूनमा व्यवस्था नगरी यस्तो बैठक भत्ता भुक्तानी दिन मिल्ने नदेखिएको रु. | २५,९७,५००/- |
| | **पुँजिगत खर्च खातातर्फ** | |
| १९. | भौ नं ३०२ मिति २०७४।५।२५ बतासे ढिव्लो पसलडांडा-खोराङ-भेगटोल-डांडाघर-ढाडागाउँ-गिर्घरे खानेपानी उपभोक्ता समितिसंग भएको संझौता अनुसार खानेपानी सम्वन्धी निर्माण कामको प्राविधिक मुल्याकंनबाट कायम भएको रु.७९३२३३।९५ मा जनसहभागिताको अशं रु.१३२१५२।७८ कट्टा गरी हुने रु.६,६१,०८१।१७ मात्र बजेट खर्च लेखी भुक्तानी गर्नुपर्नेमा रु.८,५०,०००। बजेट खर्च लेखेको कारण रु.१,८८,९१८। बढी खर्च लेखेको असुल गर्नुपर्ने रु. | १,८८,९१८/- |
| २०. | नगरपालिकाले उपभोक्ता समितिसंग गरेको संझौता अनुसार निर्माण काम सम्पन्न गरी प्राविधिक मुल्याकंनबाट कायम बमोजिमको बिल बनाई भुक्तानीको लागि पेश हुन आएमा संझौतामा उल्लेख गरेको रकम भन्दा बढी नहुने गरी जनसहभागिताको अंश, कन्टेन्जेन्सी र अन्य रकम कट्टा गरी भुक्तानी गरी बजेट खर्च लेख्नु पर्दछ । उपभोक्ता समितिले संझौता भन्दा घटी कार्य गरेको अवस्थामा पनि स्वीकृत बजेट तथा संझौता बमोजिमको पुरै रकम बजेट खर्च लेखेको छ । उपभोक्ता समितिबाट जति कार्य सम्पन्न गर्न नसकेको हो सो बरावरको रकम बैंक नगदी किताबमा बजेट खर्च लेखी विविध तर्फ क्रेडिट गरेको कारण बजेट खर्च बढन गई वास्तविक खर्च चित्रण भएको देखिएन । यसका केही उदाहरण निम्नानुसार छन् : | |

| भौ न मिति | योजनाको नाम | संझौता तथा लागत | सम्पन्न काम | घटी काम भएको रकम | बजेट खर्च लेखि विविधमा राखेको |
|---|---|---|---|---|---|
| १८७०७५।३।२१ | ओखेजलेश्वर स्याङटोल खाने पानी योजना | १८२२७३७ | १४२७२४० | ३९५४९७ | ३३०९१२। |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| २७०।०७५।३।२५ | एकिकृत नमुना वस्ती ( तिनधारा होमस्टे सहितको नमुना तामाङ्ग बस्ती) | ११८५३५९। | ९०२१४६। | २८३२१३। | २३८९१९। |
| २९३।०७५।३।२५ | आंपखोला नेवारटोल ढुङगेधारा पौवाटार पधैँरा खोला खाने पानी | १०६७१५७ | ९४८३७३ | ११८७८४। | ११२७२६। |
| ३३०।०७५।३।२५ | वडा कार्यालय भवन निर्माण १० | ४१४४०२। | २७५२१४। | १३९१८८। | ११७५९५। |
| ४०९।०७५।३।३० | राधाकृष्ण मन्दिर पर्खाल | ४३३३५८। | २८७४४५। | १४५९१३। | ११७८३९। |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| २१. | **जैसिथोक बृहत खानेपानी योजनाः** १) भौ न २९८ मिति २०७५।३।२५ जैसिथोक बृहत खानेपानी योजना उपभोक्ता समितिको निर्माण सम्पन्न ठेक्का विलबाट ६५ थान मिटर प्रति रु. १५००। का दरले खरिद गरेको रु.९७५००। समेत भुक्तानी गरेको छ । खानेपानीको लागि मुहान, पानी पोखरी र पाईप लाईनको व्यवस्था नगरपालिकाले गरिदिनु पर्ने र निजी धारामा प्रयोग गरिने पानी मिटर लगायत सवै सामानहरु उपभोक्ता स्वयंले नै व्यवस्था गर्नुपर्नेमा निजी धारामा प्रयोग गरिने पानी मिटर खरिद गरेको विलको समेत नगरपालिकाले भुक्तानी दिनु मितव्ययी देखिएन ।.<br><br>२) खानेपानी योजनामा पाईप लाइन खन्ने पुर्नेको लागि ३५०० मिटर पाईपको ट्रेन्च खेनेको नापीबाट देखियो भने विभिन्न साइजको ५२५० मिटर पाईप खरिद गरी उपभोक्ता समितिको विल अनुसार भुक्तानी गरेको छ । पाईप लाईनको ट्रेन्चको लम्वाई भन्दा १७५० मिटर बढी पाईप खरिद गरेको सम्वन्धमा जनश्रमदानको अंश बढी देखिने भएकोले नापीमा सवै पाईप लाईनको ट्रेन्च खनेको उल्लेख नगरेकोले प्राविधिकको भनाई रहेता पनि वास्तविक भएको कामको परिमाण नापीमा उल्लेख गर्नु पर्ने देखिन्छ । | |
| २२. | **कन्टेन्जेन्सी खर्चः** कार्यालयले निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माणसंग प्रत्यक्ष सम्वन्धित अन्य भैपरि आउने कार्यको लागि ४ प्रतिशत रकम कन्टेन्जेन्सी भनी छुट्याउने गरेको छ । कार्यालयले सो रकम निर्माण कार्यसंग सम्वन्धित कार्यमा मात्र खर्च गर्नु पर्नेमा कार्यालय सामान, अनुगमन लगायत विभिन्न कार्यमा खर्च गरेको छ । योजना अनुसार कन्टेन्जेन्सी खर्चको अभिलेख राख्नु पर्नेमा योजनागत अभिलेख नराखेको कारण कुन योजनाको कती कन्टेन्जेन्सी रकम खर्च भयो एकिन गर्न सकिने अवस्था भएन । यस तर्फ कार्यालयको ध्यान जानु जरुरी देखियो । | |
| २३. | नगरपालिकाले रनिङ विल अनुसार भुक्तानीमा अघिल्लो विलमा गरेको काम तथा भुक्तानी देखिने गरी ठेक्का विल तयार नगरी लुजसिटमा कामको परिमाण तथा भुक्तानी रकम उल्लेख गरी तयार गरेको तेरिजको आधारमा भुक्तानी गर्ने गरेको छ । तोकिएको ढाँचामा रनिङ्ग विल तयार गरी कारोवारलाई सरल रुपमा बुझिने गरी प्रतुत गर्नु पर्दछ । | |
| २४. | आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ७९(१)मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा बाँकी पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक दश प्रतिशतका दरले ब्याज समेत लगाई लिइने र अनावश्यक पेश्की लिएको वा फछ्र्यौट गर्न अटेर गरेमा वा म्याद भित्र फाँटबारी नबुझाएमा तलब रोक्का गर्ने र तलब रोक्का गर्दा पनि अटेर गरेमा प्रचलित कानून बमोजिम विभागीय कारबाही गर्न सकिने उल्लेख छ । कार्यक्रम सञ्चालनको लागि कृषि शाखा प्रमुख राजन प्रसाद अधिकारीलाई दिएको पेश्की रुं १०,००,०००। आर्थिक वर्षको अन्त्यसम्म पनि फछ्र्यौट हुन बाँकी देखिएकोले नियम अनुसार असुल फछ्र्यौट गर्नुपर्ने रु. | १०,००,०००/- |
| २५. | भौ नं.४१० मिति २०७५।३।३० सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७(१०) उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनु पर्ने र सूचना प्राप्त भए पछि सार्वजनिक निकायले आवश्यक जाँच गरी सो समिति वा समुदायसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र यस नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ । बोक्से बुढी कुवा खानेपानी पोखरी लिफ्टको लागि विभिन्न निर्माण कामको अलावा सवमर्सिवल पम्म, रिङ्ग लगायतको रु.४,७१,०७०।३६ को लागत अनुमान स्वीकृत गरी सम्वन्धित उपभोक्ता समितिसंग मिति २०७५।२।२० भित्र कार्य सम्पन्न गर्नेगरी २०७५।२।१० मा संम्झौता गरेको छ । समितिलाई १ सवमर्सिवल पम्म तथा ५ रिङ्ग खरिद गरेको विल र केही माटोको काममात्र गरेको प्राविधिक मुल्याङ्कनको आधारमा रु.१,६६,४०२।३५ खर्च लेखी योजना फरफाक गरेको छ । अधुरो अवस्थामा योजना फरफारक गर्दा हालसम्मको लगानी खेर जान नदिन ठोस निर्णय लिएको देखिएन ।यसमा कार्यालयले ध्यान दिनु पर्दछ । | |

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|

२६. **जनसहभागिताको अंश :**सार्वजनिक खरिद नियमावली,२०६४ को नियम९७ को उप नियम ४ मा उपभोक्ता समितिलाई निर्माण कार्य दिंदा लागत अनुमानमा रहेको जनहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने उल्लेख गरेको छ । कार्यालयले निम्न उपभोक्ता समितिलाई निम्न कामको प्राविधिक मुल्याकंन बमोजिम भुक्तानी गर्दा नियम अनुसार जनहभागिताको अंश कट्टा गर्नु पर्नेमा कट्टा नगरी पुरै रकम भुक्तानी गरेकोले समितिलाई बढी भुक्तानी गरेको असुल गर्नु पर्ने रु. — ५३९०२९/-

| भौ न मिति | कामको विवरण | मुल्याङ्कन तथा भूक्तानी | जनसहभागिता अंश | कट्टा पछि भुक्तानी गर्नुपर्ने | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ४१०।०७५।३।३० | रामपुर छाप मोटरबाटो निर्माण | ३९३४७५। | ६२१६९। | ३३१३०६। | ६२१६९। |
| ४२५।०७५।३।३० | सिपाघाट एकिकृत खा पा | १५२४६२४। | २३४३३४। | १२९०२९०। | २३४३३४। |
| ४४१।०७५।३।३२ | सिपाघाट शौचालय नि. | १०४३३४०। | १९५५२२। | ८४७८१८। | १९५९२२। |
| ४५९।०७५।३।३२ | सडक मर्मत तथा स्तरोन्नती छाप टोल | ३००६७५। | ४६६०४। | २५४०७१। | ४६६०४। |
| | | | | जम्मा | ५३९०२९। |

२७. भौ नं.४२१ मिति २०७५।३।३० माथिल्लो दाईटार खानेपानी योजनाको उपभोक्ता समितिसंग भएको संझौता अनुसार लागत रु.३५७९१३।३६ मा उपभोक्ता समितिको जनसहभागिता अंश १६.१८ प्रतिशतले हुने रु.५७९१०।३८ कट्टा गरी रु.३०००००। नगरपालिकाको तर्फबाट व्यहोरिने उल्लेख गरेको छ । प्राविधिक मुल्याकंन गरेको सम्पन्न विल अनुसार रु.२,९२,५२०।४१ को संझौता बमोजिम जनसहभागिताको अंश रु.४७३२९।८० कट्टा गरी रु.२,४५,१९०।६० मात्र समितिलाई भुक्तानी गर्नुपर्नेमा रु.३,००,०००। भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु.५४,८०९। असुल गर्नुपर्ने रु. — ५४,८०९/-

२८. भौ नं ४३९ मिति २०७५।३।३० महिला सिप विकास उपभोक्ता समितिले २०७५आषाढ १८ देखि २२ सम्म ५ दिने महिलाहरुलाई उद्घोषण तथा भाषणकला प्रशिक्षण तालिम संचालनको लागि पेश गरेको प्रस्तावना पत्रमा ७० जना महिला सहभागी तथा सहजकर्ताहरुलाई खाना र बास गरी दैनिक रु.१०००। का दरले रु.३,५०,०००। र दैनिक २००। का दरले रु.७०,०००। यातायात खर्च दिने उल्लेख गरेको छ । तालिममा सहभागी ७० जना महिलाहरुलाई दैनिक २००। का दरले आतेजाते यातायात खर्च रु.७०,०००। र दैनिक रु.१०००। का दरले खाना ,खाजा तथा वास खर्च भनी विभिन्न स्थानिय होटल तथा लजको १४ थान विलबाट रु.३,५०,०००। समेत समितिले पेस गरेको विल भरपाईको आधारमा रु.४,९८,२००। खर्च गरेको छ । सहभागिहरुलाई घरबाट आउन जानको लागि दैनिक रु.२०० । यातायात खर्च दिई सके पछि खाना खाजा र चियाको साथै पुनः होटलमा वास बसेको भनी होटलको विल बमोजिम खर्च माग अनुसार भुक्तानी गरेको असम्बन्धित बास खर्च कार्यालयले यकिन गरी असुल गर्नुपर्ने देखिन्छ ।

२९. पुजीगत तथा कृषि विकास कार्यक्रम अर्न्तगत निम्न भौचर नम्वरबाट विभिन्न निर्माण र कृषि सामाग्रीहरु खरिद गरी रु.१३४१२९०। खर्च गरेको देखियो । स्वीकृत कार्यक्रम अनुसार खरिद गरेको सामाग्रीहरु वितरण गर्नुपर्नेमा कार्यालयमा नै मौज्दात राखेको छ । कार्यक्रमको उद्देश्य अनुसार उपयोग नगरी मौज्दात राख्नको लागि मात्र खरिद गरेको देखिएकोले यस तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

| भौ. नं. मिति | खरिद सामाग्रीको नाम | परिमाण | रकम |
|---|---|---|---|
| ४४६।०७५।३।३२ | थोपा सिंचाई ५० लि . | १२५ सेट | ३,५०,०००। |
| ४५४।०७५।३।३२ | सिल्पोलिक ब्राण्ड तारपोलिन ७० जि एस एम ५ मि + १२ मि | १२५ थान | ४,९८,०००। |
| ४६७०७५।३।३२ | ग्याविन जाली | १४६ थान | ४,९३,२९०। |

३०. भौ नं ४६३ मिति २०७५।३।३२ नगरपालिकाबाट विपद जोखिम न्यनिकरण योजना संचालन गर्न चियर नेपालका अध्यक्ष जिवन पौडेलले सवै वडाहरुमा मिति २०७५।३।२८ देखि २०७५।३।२९ सम्म विपद व्यवस्थापन सम्वन्धी जनचेतना मुलक कार्यक्रम संचालन गरि पेस गरेको विल भरपाई अनुसार निजको पेश्की रु.२०००००। फछ्र्यौट गरी रु. ५०००००। खर्च गरेको छ । सो संस्थाले तालिम कार्यक्रमको प्रस्तावना तथा खर्च अनुमान

| बेरुजु दफा | लेखापरीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|

सहितको विवरण स्वीकृत गराउनु पर्नेमा सो स्वीकृत प्रस्तावना तथा खर्चको अनुमानित विवरण पेश नगरी खर्च गरेकोले के कुन आधारमा खर्च गरेको हो एकिन भएन ।

३१. भौ नं ५०९ मिति २०७५।३।२२ वडा नं १० को सामुदायिक आदिवासी जनजाती उत्थान समितिका संयोजक कान्छी माया तामाङ्गले कार्यक्रम संचालन गरी पेश गरेको हरिसिद्धी स्किन प्रिन्ट एण्ड स्ट्याम्म हाउसको विलमा परिमाण र इकाई मुल्य नखुलाई विभिन्न ६ किसिमको सामानको एक मुष्ट रु.३८०००। मात्र उल्लेख गरेको विलबाट भुक्तानी गरेको छ । कुन सामान कति परिमाण कति इकाई मुल्य हो स्पष्ट नखुलेकोले दर परिमाण खुलाउनु पर्ने देखिन्छ ।

**सञ्चालन खर्च खातातर्फ**

३२. **सोझै खरिद :** सार्बजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा खरिद गर्न नमिल्ले साथै नियम ८४ मा ५ लाख देखि २० लाख लागत अनुमान भएको मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यबस्था छ । कार्यालयले खरिद योजना नबनाई सोझै खरिदका गरेको केही उदाहरण निम्नानुसार छन् । खरिद कार्यलाई टुक्रा टुक्रा पारी खरिद गर्दा प्रतिस्पर्धा सीमित भै मितव्ययी नहुने भएकोले खरिद कार्यलाई प्याकेज वनाई प्रतिस्पर्धात्मक माध्यमबाट खरिद हुनु पर्दछ ।

| **भौ नं मिति** | **आपूर्तकको नाम** | **खरिद बिबरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ५६३/२०७५/३/३० | दास ट्रेडर्स | कार्यालय सामान | ३३६२३१.५० |
| ५६४/२०७५/३/३० | कुन्तावेसी डि टि एच सप्लायर्स | कार्यालय सामान | ६९०७२.०० |
| ५६६/२०७५/३/३० | फाइभ प्रिन्टर्स | कार्यालय सामान | १८८४२७.५० |
| ५७०/२०७५/३/३० | एस एण्ड एस आफसेट प्रेस | कार्यालय सामान | ४६१८८७.०० |
| ५७१/२०७५/३/३० | पुष्पाञ्जली प्रिन्टिङ्ग प्रेस | कार्यालय सामान | १६९०५९.०० |
| ५७४/२०७५/३/३२ | हरिसिद्धि जनरल सप्लायर्स | कार्यालय सामान | १५७५७८.०० |

३३. **फरक खर्च शिर्षक**: १७८।२०७४।१०।२३ आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ३५ मा स्वीकृत बजेट वाट अधिकार प्राप्त अधिकारीले खर्च गर्दा वा खर्चको आदेश दिंदा रकम स्विकृत बजेट भित्र र सम्बन्धित खर्च शिर्षक भित्र भएको हुनुपर्ने व्यवस्था छ । नगरपालिकाले पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन शिर्षकवाट स्टेशनरी सामाग्री खरिद गरी रु.९०,०००।- खर्च लेखेको छ । उक्त खर्च कार्यालय सामान शीर्षकवाट खर्च गर्नुपर्नेमा अन्य शिर्षकवाट खर्च गरेकोले नियम विपरित खर्च लेखेको रकम नियमसम्मत देखिएन ।

३४. **कर कट्टी** : आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा भुक्तानीमा कर कट्टी गर्नु पर्ने व्यवस्था छ । नगरपालिका स्वास्थ्य शाखाले पूर्ण खोपपालिका तथा सुनिश्चितता र दिगोपन सम्बन्धी गोष्ठि संचालन गरी रु.५१,४००।- खर्च गरेको पाइयो । उक्त कार्यक्रम संचालन गरी सोधभर्नाको लागि विल भरपाई पेश गर्दा विभिन्न कर्मचारीको रु.३२१५०।- बैठक भत्तामा नियमानुसार लाग्ने कर कट्टी भएको नदेखिएकाले १५ प्रतिशतले हुने रु.४,८२३।- असुल गरी सम्बन्धित खातामा दाखिला हुनुपर्ने रु... ४,८२३/-

३५. **पेश्की :-** आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ७९(१)मा सरकारी रकम पेश्की लिने सरकारी कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले यस नियमावलीमा तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट नगरेमा बाँकी पेश्की रकममा म्याद नाघेका मितिले वार्षिक दश प्रतिशतका दरले ब्याज समेत लगाई लिइने उल्लेख छ । कार्यालयले पेश्की बाँकीको खाता अद्यावधिक गरी राखेको छैन । आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतमा समावेश भएका ३,६०,०००/-
निम्न अनुसार पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु...

| पद नाम थर | पेश्की दिएको मिति | रकम |
|---|---|---|
| नवराज ढकाल | | 360000.00 |

३६. **वित्तीय जवाफदेहिता:** कार्यालयको व्यवस्थापकीय पक्ष, वित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह, खरिद व्यवस्थापन र विकास निर्माणको समग्र मूल्यांकन गर्दा कार्यालयको वित्तीय जवाफदेहिताको स्तर 'बि' रहेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार हुनुपर्दछ ।

<table>
<tr><th>बेरुजु दफा</th><th>लेखापरीक्षणवाट देखिएको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>३७.</td><td>बेरुजू - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु.१७ लाख ३७ हजार, अनियमित बेरुजू रु.२५ लाख ९८ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु.४७ लाख ५१ हजार र पेश्की बाँकी देखिएको रु.३५ लाख ९६ हजार समेत रु.१ करोड २६ लाख ८३ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भई रु.२९लाख १५ हजार फछ्र्यौट भई रु.९७लाख ६७ हजार बेरुजू कायम भएको छ।</td><td></td></tr>
<tr><td>३८.</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :
<table>
<tr><th>गत वर्षको बेरुजु रकम (रु.)</th><th>यो वर्ष फछ्र्यौट</th><th>बाँकी</th></tr>
<tr><td>२१२७८०००.००</td><td>०</td><td>२१२७८०००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९.</td><td>अद्यावधिक बेरुजु स्थिति : नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजु रु.</th><th>यो वर्षको कायम बेरुजु रु.</th><th>बाँकी</th></tr>
<tr><td>२१२७८०००.००</td><td>०</td><td>९७६७२५१.२४</td><td>३१०४५२५१.२४</td></tr>
</table>
उल्लेखित बेरुजु नियम बमोजिम फछ्र्यौट गरिनुपर्दछ।</td><td></td></tr>
</table>